कानेपोखरी गाउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वयरवन, मोरङ

## बोलपत्र आह्वानको सूचना

ठेक्का नं. २/२०७५/०७६

**(प्रथम पटक प्रकाशित मितिः २०७५ फाल्गुन २७ गते)**

यस कार्यालयको आ.व.२०७५।०७६ को वार्षिक कार्यक्रम अनुसार स्टील पार्टस् फेव्रिकेसन (झोलुङ्गे पुल निर्माण का लागि) खरिद गर्नुपर्ने भएकोले सो स्टील पार्टस् फेव्रिकेसन को कारोवार गर्ने इच्छुक फर्मवा सप्लायर्सले निम्न सर्तहरुको अधिनमा रही यो रीतपूर्वकको वोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र कागज यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट रु ३०००।०० दस्तुर तिरी(पछि फिर्ता नहुने गरी) यस कार्यालय र हुलाक कार्यालय रमाईलो वाट खरिद गर्नसकिनेछ। वोलपत्र दर्तागर्दायस कार्यालयमा मात्र गराउन सकिने छ।
२. बोलपत्र कागज खरिद गर्न इच्छुक फर्म वा सप्लायर्सले रु १०।०० को टिकट टाँसी नियमानुसारको कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनुपर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, फर्म वा सप्लायर्सको प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व.सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
३. खरिद गरिएका वोलपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका बोलपत्रहरु दिनको २.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
४. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र वुझाउने अन्तिम दिन विदा पर्नग एमा सो को लगतैकार्यालय खुलेको दिन वोलपत्र खरिद गर्न र वुझाउन सकिनेछ।
५. वोलपत्र खाम वाहिर वोलपत्र नं., दाखिला गर्नेकार्यालयको नाम, कामको विवरण र वोलपत्रदाताको नाम, ठेगाना र फोन नम्वर (घरको र मोवाइलको) स्पस्ट लेखिएको हुनु पर्नेछ।
६. धरौटी वापत रु ७०,०००।०० को यस कार्यालयको एन आइ सी एसिया बैंक रमाइलोमा रहेको धरौटी खाता न.D3CA000455752407 मा जम्मा भएको सक्कलै भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० ( एक सय विस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकहरुवाट यस कार्यालयको नाममा जारी भएको जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता हुनेछ।
७. वोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ।अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
८. एउटा फर्मवा सप्लायर्सको नामवाट खरिद गरिएको वोलपत्र अर्को फर्म वा सप्लायर्सको नाममा दाखिला गर्न पाइने छैन।
९. बोलपत्रदाताले वोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको वोलपत्र पेश गर्नुपर्नेछ।
१०. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयं आफैले बुझाउनु पर्नेछ।
११. कुनै शर्त राखी पेश गरेको बोलपत्र उपर कारवाही हुनेछैन।
१२. सूचना शर्तविपरित भएको कार्यालयबाट उपलब्ध गराइएको बोलपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१३. यस सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।
१४. अन्य जानकारी आवश्यक भएमा यस कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिनेछ।
१५. यो सूचना यस कार्यालयको Website: www.kanepokharimun.gov.np मा समेत हेर्न सकिनेछ।

| सि.नं. | कामको विवरण | ठेक्का अंक | २.५ प्रतिसतले हुने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्टील पार्टस् फेव्रिकेसन (झोलुङ्गे पुल निर्माणका लागि) खरिद | २४४५७०७१६ (भ्याट वाहेक) | ७०,०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत